# वीरेन्द्रनगर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

वीरेन्द्रनगर, सुर्खेत

कर्णाली प्रदेश, नेपाल

## करार कर्मचारी छनौट सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०८१/०७/२६)

प्रस्तुत विषयमा यस कार्यालयको मिति २०८१/०७/२५ गतेको निर्णय बमोजिम यस नगरपालिकाको **करारमा कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७७** बमोजिम देहायको पदमा खुला प्रतिस्पर्धात्मक प्रक्रियावाट करार सेवामा पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका ईच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस कार्यालयको प्रशासन शाखामा आवेदन दिनहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

देहाय

| क्र.स. | विज्ञापन नं. | पद | तह | सेवा/समूह | माग पद संख्या | किसिम |
|---|---|---|---|---|---|---|
| | | | | | | खुला |
| १ | १५।२०८१।०८२ | रोलर अपरेटर | श्रेणी विहिन | नेपाल ।ईन्जिनियरिङ्ग । मेकानिकल ईन्जिनियर। जनरल मेकानिक | १ | १ |

विस्तृत जानकारीका लागि यस नगरपालिकाको वेबसाईट **www.birendranagarmun.gov.np** मा हेर्नुहुन वा यसै कार्यालयको प्रशासन शाखामा सम्पर्क राख्नुहुन अनुरोध छ ।

क) परिक्षाको किसिमः- अन्तर्वार्ता र प्रयोगात्मक विधिद्वारा छनौट गर्ने ।

ख ) **दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरुः**-देहायका प्रमाणपत्रका प्रतिलिपिहरु उम्मेदवार आफूले नै प्रमाणित गरी दरखास्त साथ पेश गर्नुपर्ने छ ।

१. नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि

२. शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपि

३. अनुभवको कागजातको प्रतिलिपि

४. Road Roller चालक अनुमति पत्रको प्रतिलिपि

५. व्यक्तिगत विवरण

# वीरेन्द्रनगर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

वीरेन्द्रनगर, सुर्खेत

कर्णाली प्रदेश, नेपाल

---

ग) उमेर हदः- दरखास्त बुझाउने अन्तिम मितिसम्म २१ वर्ष पूरा भई ५० वर्ष ननाघेको हुनु पर्ने ।

घ) दरखास्त दस्तुरः- रु. २५०।-

ङ) दरखास्त वुझाउने अन्तिम मिति :- २०८१/०८/०२ गते सम्म र दोब्बर दस्तुर तिरी मिति २०८१/०८/०३ गते सम्म सो दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट कार्यालय समयमा

च) दरखास्त फारमः- यस कार्यालयको प्रशासन शाखा वा कार्यालयको वेबसाईट www.birendranagarmun.gov.np बाट प्राप्त गर्न सकिनेछ । रितपूर्वक दरखास्त फारम भरी कार्यालयमा बुझाउनु पर्नेछ। रित नपुगी तथा म्याद नाघी आएको दरखास्त उपर कुनै कारबाही हुने छैन ।

छ) कर्मचारी छनोट सम्वन्धमा थप अन्य निर्णय लिने अन्तिम अधिकार यस कार्यालयमा रहनेछ ।

ज) आवश्यक न्युनतम योग्यताः-

- ✓ दरखास्तको सूचना प्रकाशन भएको मिति भन्दा अगाडि Road Roller चालक अनुमति पत्र प्राप्त गरीसकेको र सवारी अनुमति पत्रको म्याद बहाल रहेको हुनुपर्ने ।
- ✓ साधारण लेखपढ गर्न जानेको ।
- ✓ Road Roller चालकको रुपमा सेवा गरेको भए अनुभवको प्रमाण पत्रको प्रतिलिपि ।
- ✓ शारिरीक तन्दुरुस्ती भएको ।
- ✓ आँखाको दृष्टी २०/४० भएको हुनुपर्ने र color blind नभएको ।
- ✓ साधारण ध्वनी संकेत र आवाज सुन्न सक्ने श्रवण शक्ति भएको ।

सेवा सुविधाः- कार्यालयले तोके वमोजिम

सम्पर्क मितिः- २०८१/०८/०३ गते कार्यालय समय भित्र र सो दिन विदा परेमा सो को भोलिपल्ट कार्यालय समय भित्र ।

नोटः- स्थानीयलाई विषेश प्राथमिकता दिईने छ ।